# झिमरुक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## भ्यागुते,प्युठान

## लुम्बिनी प्रदेश, नेपाल

**गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत र पशु एकाइ प्रमुख बीचको कार्यसम्पादन करार सम्झौता**

सुशासन - व्यवस्थापन तथा संचालन) ऐन २०६४ तथा नियमावली २०६५, निजामति सेवा ऐन २०४९ तथा नियमावली २०५०, स्थानीय सरकार संचालन सेवा ऐन २०७४, सबै नेपाल सरकारद्धारा समय समयमा जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधानका अतिरिक्त देहाय बमोजिमको कार्य सम्पादन करार सम्झौता गरिएको छ। यो करार सम्झौतामा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पहिलो पक्ष र पशु एकाइ प्रमुख दोश्रो पक्ष मानिएको छ।

प्रमुख प्रशासकीय अधिकृत प्रति उत्तरदायी रही देहाय बमोजिमका कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्नु गराउनुपर्नेछः

१. पशुपंक्षी पालक तथा कृषक समूहको विषयगत आवश्यकता पहिचान गर्न सेवा केन्द्र,सम्पर्क स्थल, कृषि फर्महरुलाई सहयोग गर्ने तथा कृषक पाठशाला सञ्चालन गर्ने,
२. पशुपंक्षी र पशु स्वास्थ्य सम्बन्धी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, उपभोक्ताहरुलाई दुध, मासु, पशुपंक्षीको रोगहरु बारे जनचेतनाको लागि सूचना प्रदान गर्ने,
३. पशु पन्छीमा लाग्ने सरुवा रोग नियन्त्रण गर्न शिवीर सञ्चालन , खोप सञ्चालन गर्ने तथा पशु पन्छी सम्वन्धी महामारी नियन्त्रणमा सहयोग गर्ने,
४. पशुपन्छीको नश्लसुधार सम्बन्धी काम गर्ने,कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय गर्ने,
५. पशुपंक्षी तथा कृषि बजार सूचना, हाटबजारको पूर्वाधार निर्माणमा सहयोग गर्ने,पशु वधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन गर्ने,
६. घरेलु, इन्स्योरेन्स कम्पनी, सरकारी कार्यालय तथा अन्य संस्थाहरुमा सिफारिस उपलब्ध गराउने,
७. पशुपंक्षीको सामान्य उपचार सेवा तथा पशुपंक्षी सम्बन्धी समस्या बारे कृषकहरुलाई परामर्श दिने,
८. पशुपालन कृषकहरुलाई औषधी, औजार उपकरण वितरण तथा अनुदान दिने, पशुपंक्षी फर्म, मासु पसल, डेरी, एग्रोभेटहरुको अनुगमन गर्ने,
९. पशुपंक्षी विकास सम्बन्धी तालिम, प्राविधिक टेवा, क्षमता विकास कार्यक्रमको सञ्चालन गर्ने, पशुपंक्षी पालन कृषकलाई संगठित गर्ने,
१०. पशुपंक्षी सम्बन्धी बिमा र कर्जा सहजीकरणमा सहयोग गर्ने,पशु स्वास्थ्य विषयमा पशुको परिक्षण गरी औषधी वितरण गने,
११. उन्नत जातका पशुपंक्षी वितरण गर्ने जस्तैः उन्नत रागो, उन्नत बोका, बंगुर पाठा, कुखुरा चल्ला, माछा भुरा आदी,
१२. हिउँदे तथा वर्षे घाँसको बिउ बेर्ना वितरण गर्ने,पशुपालन विषयमा पशु फर्महरुको अवलोकन गरी प्रतिवेदन पेश गर्ने,
१३. स्थानीय स्तरमा पशुपंक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन,पशु रोग स्वास्थ्य उपचार, खोप, बन्ध्याकरण, कृत्रिम गर्भाधान सम्बन्धी सेवा प्रवाह गर्ने
१४. पशु रोग उपचारमा ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता र स्थानीय सेवा प्रदायक र अगुवा कृषकको प्राविधिक सीप तथा क्षमता विकास गर्ने,
१५. पशुपंक्षी, पोल्ट्री र डेरी डेभलेप्मेण्ट सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,
१६. जिम्मा रहेको रजिस्टर अभिलेख, प्रतिवेदन फाइल तथा अन्य सम्पत्तिको दुरुस्त र सही व्यवस्था गर्ने,
१७. पशुविकास सम्वन्धी कार्यालयले खटाएको अन्य काम गर्ने।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| दस्तखत | दस्तखत |
| मिति - २०७७-०४-२५ | मिति -२०७७-०४-२५ |
| कमल प्रसाद भुसाल | प्रेम जि.सी |
| प्रमुख प्रशासकीय अधिकृत | ना.प्रा.स |